# स्थानीय तह निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७३

निर्वाचन आयोगबाट स्वीकृत मिति
२०७३।१२।१८

प्रस्तावना : स्थानीय तहको निर्वाचनसँग सम्बन्धित व्यक्ति, निकाय, सामग्री तथा संरचनाको सुरक्षा गरी निर्वाचन कार्यलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वान्छनीय भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७३" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आचार संहिता" भन्नाले निर्वाचन आचार संहिता, २०७२ तथा स्थानीय तह निर्वाचन आचार संहिता, २०७३ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ग) "निर्वाचन" भन्नाले स्थानीय तहको निर्वाचन सम्झनु पर्छ र सो शब्दले स्थानीय तहको उपनिर्वाचनलाई समेत जनाउँछ ।

(घ) "निर्वाचन अधिकारी" भन्नाले निर्वाचन कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(ङ) "निर्वाचन अधिकृत" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम नियुक्त मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(च) "निर्वाचन कार्यालय" भन्नाले जिल्ला निर्वाचन कार्यालय तथा क्षेत्रीय निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(छ) "मतदान अधिकृत" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ११ बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

## परिच्छेद-२
## निर्वाचनको सुरक्षा व्यवस्थापन

३. निर्वाचन सुरक्षा संयन्त्र : (१) निर्वाचन प्रयोजनको लागि प्रत्येक जिल्लामा देहाय बमोजिमको एक जिल्ला सुरक्षा समन्वय समिति रहनेछ :-

| | | |
|---|---|---|
| (क) | प्रमुख जिल्ला अधिकारी | - अध्यक्ष |
| (ख) | जिल्ला प्रहरी प्रमुख | - सदस्य |
| (ग) | जिल्लास्थित सशस्त्र प्रहरी इकाइको प्रमुख | - सदस्य |
| (घ) | जिल्लास्थित नेपाली सेनाको प्रमुख | - सदस्य |
| (ङ) | जिल्लास्थित राष्ट्रिय अनुसन्धान विभागको प्रमुख | - सदस्य |
| (च) | निर्वाचन अधिकारी | - सदस्य |
| (छ) | सहायक प्रमुख जिल्ला अधिकारी | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको जिल्ला सुरक्षा समन्वय समितिको बैठकमा मुख्य निर्वाचन अधिकृतलाई आमन्त्रण गर्नु पर्नेछ ।

(३) जिल्ला सुरक्षा समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) निर्वाचन सुरक्षा योजना तयार गरी कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउने,

(ख) सुरक्षा योजना कार्यान्वयन गर्न आवश्यक जनशक्ति, साधन र स्रोतको आँकलन गर्ने,

(ग) चुनाव प्रचार प्रसारको क्रममा कुनै अप्रिय घटना हुन नदिन राजनीतिक दल र सुरक्षा निकायका प्रतिनिधि समेत रहेको समस्या समाधान कार्यदल गठन गर्ने,

(घ) जिल्लामा उपलब्ध जनशक्ति, साधन र स्रोतले नपुग हुने भएमा सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक जनशक्ति, साधन र स्रोत प्राप्त गर्ने व्यवस्था मिलाउने,

(ङ) जिल्लाको सुरक्षाको अवस्थाको विषयमा नियमित रुपमा जिल्ला र आयोगमा रहेको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) लाई जानकारी गराउने,

(च) सुरक्षा योजना कार्यान्वयनको नियमित अनुगमन र मूल्याङ्कन गर्ने ।

४. जिम्मेवारी पूरा गर्नुपर्ने : जिल्लास्थित निर्वाचन व्यवस्थापन तथा सुरक्षासँग सम्बन्धित सबै अधिकारी वा कर्मचारीले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भय रहित बनाउन आयोगबाट तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्नु पर्नेछ ।

५. प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार : निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने प्रयोजनको लागि प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लामा उपलब्ध संचारका साधनहरुलाई दुरुस्त राखी निर्वाचनको काममा जुनसुकै वेला पनि प्रयोग गर्न मिल्ने व्यवस्था मिलाउने,

(ख) जिल्ला सुरक्षा समितिबाट तयार गरिएको निर्वाचन सुरक्षा योजना कार्यान्वयन गर्ने,

(ग) अन्तर्राष्ट्रिय सीमानासँग जोडिएका जिल्लाहरुमा सीमापारीबाट निर्वाचन बिथोल्न सक्ने गरी हुन सक्ने घुसपैठ रोक्ने,

(घ) अवैध हातहतियार जफत गरी आवश्यक कानूनी कारबाही गर्ने,

(ङ) आमसभा तथा र्‍याली हुने समय र स्थानको जानकारी लिई आवश्यक सुरक्षा प्रबन्ध मिलाउने,

(च) मतदान पछि मतपेटिका सुरक्षित तवरले ल्याउने प्रबन्ध मिलाउने,

(छ) जिल्लास्थित संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) को अनुगमन गर्ने,

(ज) आचार संहिता तथा निर्वाचन सम्बन्धी प्रचलित कानून कार्यान्वयनको सिलसिलामा आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

(झ) निर्वाचन मितिभन्दा बहत्तर घण्टा अघिदेखि सम्बन्धित जिल्लाका अन्तर्राष्ट्रिय सीमा बन्द गर्ने व्यवस्था मिलाउने,

(ञ) निर्वाचन अधिकृतसँग निरन्तर सम्पर्कमा रही मतदानको दिनको सुरक्षा व्यवस्थापनको कार्य गर्ने,

(ट) मतदानको दिनको लागि व्यवस्थित सुरक्षा व्यवस्थापनको निरन्तर अनुगमन गर्ने ।

६. <u>निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार</u>: निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने प्रयोजनको लागि निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सुरक्षा स्थितिको बारेमा राजनीतिक दल, उम्मेदवार वा सरोकारवालासँग अन्तरक्रिया गरी नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ख) सुरक्षा अवस्था मूल्याङ्कनको आधारमा सुरक्षाको आवश्यक प्रबन्ध मिलाउन प्रमुख जिल्ला अधिकारी र सम्बन्धित प्रहरी प्रमुखसँग नियमित छलफल गरी सुरक्षा निकायलाई आवश्यक निर्देशन दिने,

(ग) सुरक्षा व्यवस्थाको नियमित अनुगमन गरी सुरक्षाको प्रबन्धमा कुनै कमिकमजोरी देखिएमा तत्काल सुरक्षा निकायको ध्यानाकर्षण गराउने,

(घ) सुरक्षासँग सम्बन्धित विषयहरुमा आफूलाई प्राप्त सूचना सुरक्षा निकाय तथा जिल्ला सुरक्षा समन्वय समितिलाई उपलब्ध गराउने,

(ङ) मतदान कार्यको निरन्तर अनुगमन गरी कुनै मतदान केन्द्रमा शान्ति सुरक्षा सम्बन्धी समस्या देखा परेमा तुरुन्तै प्रमुख जिल्ला अधिकारी लगायत अन्य सुरक्षा निकायको ध्यानाकर्षण गराउने,

(च) कुनै मतदान केन्द्रमा शान्ति सुरक्षा सम्बन्धी समस्या उत्पन्न भई कर्मचारीको उद्धार गर्नुपर्ने अवस्था आईपरेमा तत्काल प्रमुख जिल्ला अधिकारीसँग सम्पर्क गरी उद्धारको व्यवस्था मिलाउने,

(छ) आचार संहिता, निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ लगायत निर्वाचनसँग सम्बन्धित प्रचलित कानूनको प्रभावकारी कार्यान्वयनको लागि आवश्यकता अनुसार प्रमुख जिल्ला अधिकारी र जिल्लास्थित सुरक्षा निकायको सहयोग लिने,

७. मतदान अधिकृतको काम, कर्तव्य र अधिकार : मतदान केन्द्रमा शान्ति तथा सुव्यवस्था कायम गर्ने प्रयोजनको लागि मतदान अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सदरमुकामबाट मतदान केन्द्रतर्फ जाँदा उक्त केन्द्रको लागि खटिएको प्रहरी टोलीलाई सँगै लैजाने,

(ख) प्रहरी टोलीलाई विशेष गरी मतपत्र, मतपेटिका र नामावलीको सुरक्षामा ध्यान दिन लगाउने,

(ग) निर्माण गर्दा प्रहरी टोलीसँग सल्लाह गरी मतदान केन्द्रको निर्माण गर्ने,

(घ) मतदानको समयमा प्रहरी टोलीलाई आफू कर्मचारी, मतपत्र, मतपेटिका र अन्य निर्वाचन सामग्रीको सुरक्षा गर्ने कार्यमा लगाउने,

(ङ) मतदान केन्द्रमा सुरक्षा सम्बन्धी समस्या उत्पन्न भएमा खटिएका प्रहरी परिचालन गरी स्थितिलाई नियन्त्रणमा लिने,

(च) मतदान केन्द्रको लागि खटिएका प्रहरीबाट मात्र शान्ति सुरक्षा कायम नहुने अवस्था उत्पन्न भएमा दफा १५ बमोजिमको घुम्ती टोली लगायत सुरक्षा टोलीको मद्दत लिने,

(च) निर्वाचनको लागि खटिएका सुरक्षाकर्मी बाहेक अन्य व्यक्तिलाई मतदान केन्द्र वरिपरी हातहतियार सहित हिँड्न वा प्रयोग गर्न नदिने र मतदान केन्द्रमा हातहतियार लिएर सहित हिड्ने व्यक्तिलाई गिरफ्तार गर्न आदेश दिने,

(छ) मतदानको समय समाप्त हुनु अगावै मतदान केन्द्रमा प्रवेश गरेका मतदाता, मतदान केन्द्रमा खटिएका कर्मचारी र आयोग तथा मतदान अधिकृतबाट अनुमति प्राप्त व्यक्ति बाहेक अरु कसैलाई मतदानको समय समाप्त भएपछि मतदान केन्द्रमा प्रवेश गर्न नदिन सुरक्षाकर्मीलाई निर्देशन दिने,

(ज) मतदान कार्य समाप्त भएपछि निर्वाचन अधिकृतको कार्यालयमा फर्कंदा प्रहरी टोलीसाथ लिई फर्कने र मतपेटिकाको सुरक्षा प्रबन्ध गर्न प्रहरी टोलीलाई जिम्मेवार बनाउने,

(झ) मतदान केन्द्रमा उत्पन्न विवाद सुल्झाउन राजनीतिक दल, उम्मेदवार वा निजको प्रतिनिधिको मद्दत लिने,

(ञ) मतदाता पंक्तिबद्ध हुने प्रवेशद्वारको मुखमा र मतदाता मतदान गरी बाहिर जाने द्वारको मुखमा प्रहरी सुरक्षाको व्यवस्था मिलाउने,

(ट) आचार संहिता तथा निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ लगायत निर्वाचन सम्बन्धी प्रचलित कानून कार्यान्वयनको लागि आवश्यकता अनुसार मतदान केन्द्रमा खटिएका घुम्ती टोली लगायत सुरक्षाकर्मीको मद्दत लिने ।

८. सुरक्षाकर्मीको काम, कर्तव्य र अधिकार : निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन निर्वाचन कार्यमा खटिने सुरक्षाकर्मीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) हातहतियार तथा खरखजाना राख्ने इजाजत प्राप्त व्यक्तिबाट मतदानको दिनभन्दा पन्ध्रदिन अगाडिदेखि त्यस्ता हातहतियार तथा खरखजाना नियन्त्रणमा लिने,

(ख) निर्वाचन मितिभन्दा अठ्चालीस घण्टा अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम घोषण नभएसम्म मादक पदार्थ बिक्री वितरण तथा सेवनमा प्रतिबन्ध लगाउने,

(ग) निर्वाचन हुनुपूर्व सर्वदलीय बैठक गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित बनाउन दलहरुको सकारात्मक भूमिकाको लागि अभिप्रेरित गर्ने,

(घ) निर्वाचन बिथोल्न सक्ने व्यक्ति वा समूहमाथि विशेष निगरानी राख्ने,

(ङ) निर्वाचन बहिस्कार गर्ने समूहबाट मतदातालाई मतदान गर्नबाट रोक्न नदिन आवश्यक व्यवस्था मिलाउने,

(च) प्रचार-प्रसारको क्रममा निस्कने राजनीतिक दल तथा उम्मेदवारको जुलुसको लागि अलग-अलग मार्ग तोक्ने र एकै समय र उही स्थानमा भिन्न भिन्न जुलुस वा सभा गर्न नदिने व्यवस्था गर्ने,

(छ) मतदातालाई मतदान गर्न जान सुरक्षित रहेको प्रत्याभूति दिलाउन व्यापक प्रहरी गस्ती बढाउने,

(ज) निर्वाचन कार्य सम्पन्न गर्न चाहिने मतपेटिका, मतदाता नामावली, स्वस्तिक छाप, मतपत्र जस्ता निर्वाचन सामग्रीको सुरक्षाको लागि निर्वाचन अधिकृत वा मतदान अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने,

(झ) निर्वाचन कमाण्ड पोष्टको स्थापना गरी प्रहरीको खटनपटन गर्ने तथा हातहतियार र भौतिक साधनको आवश्यक प्रबन्ध मिलाउने ।

(ञ) मतदान केन्द्रमा भिडभाड हुन नदिने,

(ट) मतदान केन्द्रमा रहेका कर्मचारी, मतपेटिका, मतपत्र र अन्य मतदान कार्यमा प्रयोग हुने निर्वाचन सामग्रीहरुको सुरक्षा प्रबन्ध गर्ने,

(ठ) आचार संहिता, निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ तथा निर्वाचन सम्बन्धी प्रचलित कानूनको कार्यान्वयनमा मतदान अधिकृतलाई आवश्यक मद्दत गर्ने,

(ड) मतदान अधिकृतले सुरक्षाको लागि दिएका निर्देशन पालना गर्ने ।

९. सुरक्षा दिनुपर्ने व्यक्ति, निकाय तथा सामग्री : सुरक्षा निकायले निर्वाचनमा देहायका व्यक्ति, निकाय तथा सामग्रीको सुरक्षा दिनु पर्नेछ :-

(क) निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय,

(ख) निर्वाचन कार्यालय र निर्वाचन अधिकारी,

(ग) उम्मेदवार र निजको प्रतिनिधि,

(घ) मतदाता,

(ङ) मतपेटिका, मतपत्र र मतदाता नामावली लगायतका निर्वाचन सामग्री,

(च) मतदान केन्द्र र मतदान कार्यमा खटिएका कर्मचारी,

(छ) राजनीतिक दलका नेता,

(ज) निर्वाचनको सिलसिलामा आयोजना हुने र्‍याली, आमसभा तथा जुलुसका सहभागी,

(झ) प्रचार-प्रसारमा संलग्न व्यक्ति,

(ञ) निर्वाचन पर्यवेक्षक,

(ट) निर्वाचन अनुगमन, मतदाता शिक्षा जस्ता निर्वाचन सम्बन्धी कार्यमा खटिएका कर्मचारी ।

परिच्छेद-३

मतदान पूर्वको सुरक्षा व्यवस्था

१०. निर्वाचनमा संलग्न व्यक्ति तथा उम्मेदवारको सुरक्षा : सुरक्षा निकायले आयोगको निर्देशनमा निर्वाचनको समयमा निर्वाचन अधिकृत लगायत निर्वाचनको कार्यमा खटिएका कर्मचारी, उम्मेदवार तथा निजका प्रतिनिधि, राजनीतिक दलका नेताको सुरक्षाको व्यवस्था मिलाउनेछ।

११. कार्यालयको सुरक्षा : नेपाल सरकारले निर्वाचनको समयमा निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला अदालत, जिल्ला कारागार, दूरसंचार कार्यालय, खानेपानीसँग सम्बन्धित कार्यालय तथा संरचना, अस्पताल, रेडियो, टेलिभिजन तथा विद्युत स्टेशन तथा टावर, विमानस्थल जस्ता महत्वपूर्ण स्थानको विशेष सुरक्षाको लागि सशस्त्र प्रहरी बल, नेपाललाई परिचालन गर्नेछ।

१२. जगेडा व्यवस्था : सुरक्षा निकायले हुलदङ्गा लगायत निर्वाचनलाई प्रतिकूल असर पार्ने विशेष अवस्था उत्पन्न भई वा कुनै कारणले खटिएका सुरक्षकर्मीबाट मात्र स्थितिलाई नियन्त्रणमा लिन नसकिने भई थप सुरक्षाकर्मी परिचालन गर्नु पर्ने भएमा त्यसको लागि जिल्ला सदरमुकाममा सुरक्षाकर्मीको जगेडा टोलीको व्यवस्था गर्नेछ। त्यस्तो जगेडा सुरक्षकर्मीको टोलीलाई तत्काल परिचालन गर्न सक्ने गरी उच्च सतर्कताको अवस्थामा राख्नु पर्नेछ।

१३. सुरक्षा व्यवस्थापन चक्र : निर्वाचनमा देहायको नमूना बमोजिमको सुरक्षा चक्रको प्रबन्ध गरी सुरक्षा व्यवस्था मिलाउनु पर्नेछ :-



## परिच्छेद-४
## मतदानको दिनको सुरक्षा व्यवस्था

१४. मतदान केन्द्रको सुरक्षा व्यवस्था : (१) सुरक्षा निकायले मतदान केन्द्रमा खटिएका मतदान अधिकृत लगायत सम्पूर्ण कर्मचारी, मतदानमा प्रयोग हुने निर्वाचन सामग्री र मतदान केन्द्रको सुरक्षाको लागि प्रहरी टोलीको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सुरक्षा निकायले प्रत्येक मतदान केन्द्रलाई सुरक्षाको दृष्टिकोणबाट अतिसंवेदनशील, संवेदनशील र सामान्य गरी तीन वर्गमा विभाजन गरी सुरक्षा संवेदनशीलताको आधारमा मतदान केन्द्र सुरक्षाको लागि आवश्यक मात्रामा हातहतियार सहितको सुरक्षा टोलीको व्यवस्था मिलाउनु पर्नेछ ।

१५. घुम्ती टोली सम्बन्धी व्यवस्था : (१) सुरक्षा निकायले मतदानको दिन मतदान केन्द्रमा रहेको सुरक्षा टोलीलाई आवश्यकता अनुसार थप मद्दत पुऱ्याउनको लागि कानून बमोजिम सबै किसिमको बल प्रयोग गर्न पाउने गरी प्रत्येक गाउँपालिका वा नगरपालिकामा सुरक्षाकर्मी सहितको कम्तिमा दुईवटा घुम्ती टोलीको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको घुम्ती टोलीले कुनै मतदान केन्द्रमा शान्ति सुरक्षा सम्बन्धी समस्या परेको जानकारी पाएमा तत्काल घटनास्थलमा पुगेर शान्ति सुव्यवस्था कायम गर्ने कार्य गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको घुम्ती टोलीले होहल्ला, हुलदङ्गा वा अरु कुनै अवाञ्छित कार्य गरी निर्वाचन कार्यलाई प्रतिकूल असर पार्न खोज्ने व्यक्ति वा समूहलाई सम्झाई बुझाई गर्नेछ । यसरी सम्झाई बुझाई गर्दा समेत त्यस्तो होहल्ला, हुलदङ्गा वा कार्यमा नियन्त्रण हुन नसकी निर्वाचनको कार्यमा प्रतिकूल असर पर्ने देखिएमा त्यस्तो घुम्ती टोलीले प्रचलित कानून बमोजिम आवश्यक बल प्रयोग गर्न सक्नेछ ।

(४) शान्ति सुरक्षा कायम गर्नको लागि घुम्ती टोलीले कुनै मतदान केन्द्रमा नेपाल प्रहरीबाट मात्र सम्भव हुने नदेखेमा दफा १६ बमोजिमको स्ट्राइकिंग टोलीको मद्दत लिन सक्नेछ ।

(५) उपदफा (१) बमोजिमको घुम्ती टोलीले मतदान कार्यलाई सुव्यवस्थित बनाउने सम्बन्धमा देहाय बमोजिमका कार्य गर्नेछ :-

(क) आफूलाई तोकिएको क्षेत्रभित्र निरन्तर गस्ती गरेर मतदाता र मतदानमा खटिएका कर्मचारीहरु लगायत सबैलाई सुरक्षा व्यवस्थाको सम्बन्धमा आश्वस्त पार्ने,

(ख) मतदातालाई मतदान कार्यमा अवरोध पुग्ने गरी आवागमनमा बाधा व्यवधान खडा गरिएको भए तुरुन्त हटाउने,

(ग) कुनै मतदान केन्द्रमा शान्ति सुरक्षा सम्बन्धी समस्या आई परेमा तत्काल मतदान केन्द्रमा पुगी शान्ति सुरक्षा कायम गर्ने,

(घ) मतदान समाप्त भएपछि मतपेटिकाहरु निर्वाचन अधिकृतको कार्यालयमा पुऱ्याउने कार्यमा समन्वय र सहयोग गर्ने,

१६. स्ट्राइकिङ्ग टोली : मतदानको दिन गाउँपालिका वा नगरपालिकामा खटिने दफा १५ बमोजिमको घुम्ती टोलीबाट सुरक्षा सम्बन्धी समस्या समाधान हुन नसकेको अवस्थामा स्थितिलाई नियन्त्रणमा लिनका लागि साधन स्रोत र अधिकार सम्पन्न सशस्त्र प्रहरी बल, नेपालको स्ट्राइकिङ्ग टोली रहनेछ ।

१७. हवाई सुरक्षा : मतदानको दिन शान्ति सुरक्षाको स्थितिको निरन्तर निगरानी गर्न सुरक्षा टोली सहितको हवाई गस्तीको व्यवस्था गरिनेछ । यस्तो गस्तीले समस्याग्रस्त ठाउँमा तत्काल सुरक्षा टोली ओराली शान्ति सुव्यवस्था कायम राख्ने कार्य गर्नेछ ।

१८. मतदान केन्द्रको अनधिकृत कब्जा भएमा गरिने सुरक्षा कारबाही : मतगणना स्थलको अनधिकृत कब्जा भएमा सुरक्षाकर्मीले देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) मतपत्र रहेका मतपेटिका, मतदान हुन बाँकी मतपत्र लगायतका निर्वाचन सामग्रीको विशेष सुरक्षा गर्ने,

(ख) मतदान केन्द्रको अनधिकृत कब्जा भएको जानकारी घुम्ती टोली लगायत सम्बद्ध निकायलाई यथाशीघ्र दिई थप मद्दत माग गर्ने,

(ग) मतदान केन्द्र अनधिकृत कब्जा गर्ने वा त्यस्तो कार्यमा सहयोग पुऱ्याउने वा आदेश दिने व्यक्तिलाई कब्जामा लिने,

(घ) सुरक्षा कारबाही गर्नुपर्ने गम्भीर अवस्थामा मतदान अधिकृतसँग समन्वय गरी कारबाही गर्ने ।

१९. सुरक्षा सञ्चार नेटवर्क : निर्वाचनमा देहाय बमोजिमको सुरक्षा सञ्चार नेटवर्कको प्रबन्ध गरी सुरक्षा व्यवस्था मिलाइनेछ :-



## परिच्छेद-५

## मतदान पश्चातको सुरक्षा व्यवस्था

२०. मतपेटिका ढुवानी व्यवस्था : मतदानको कार्य समाप्त भएपछि मतदान केन्द्रबाट निर्वाचन अधिकृतको कार्यालयसम्म मतपेटिकाहरु सुरक्षित रुपमा पुऱ्याउनको लागि मतपेटिका सुरक्षा टोलीको व्यवस्था गरिनेछ । सुरक्षा टोलीले मतदान केन्द्रको टोलीबाट मतपेटिका प्राप्त गरी देहाय बमोजिम सुरक्षित रुपमा तोकिएको स्थानमा पुऱ्याउने कार्य गर्नु पर्नेछ :-

(क) मतपेटिका छिटो साधन र सुरक्षित मार्गबाट निर्वाचन अधिकृतको कार्यालयमा ल्याउने व्यवस्था मिलाउने,

(ख) मतदानमा खटिएका कर्मचारीहरु बाहेक अरुलाई मतपेटिका बोक्न नदिने,

(ग) मतपेटिकामा लगाइएका सुरक्षण सिलहरु नबिग्रने व्यवस्था मिलाउने,

(घ) मतपेटिका ढुवानी मार्गमा अवरोध वा खतराको अवस्था रहेको सूचना पाएमा सुरक्षित मार्गद्वारा मात्र मतपेटिका ढुवानी गर्ने वा अवरोध हटेको सूचना प्राप्त भएपछि मात्र ढुवानी कार्य अघि बढाउने ।

२१. मतपेटिका भण्डारण स्थलको सुरक्षा : सुरक्षाकर्मीले मतपेटिका भण्डारण सम्बन्धमा देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) निर्वाचन अधिकृतसँग समन्वय गरेर मतपेटिका सुरक्षित तवरले भण्डारण गर्ने व्यवस्था मिलाउने,

(ख) निर्वाचन अधिकृतको स्वीकृतिमा मतपेटिका राखेको कोठा बाहिर मतपेटिका कुर्न कुनै उम्मेदवार वा निजको प्रतिनिधि बस्न चाहेमा बस्न दिने,

(ग) मतपेटिका रहेको ठाउँमा हुने आवागमनलाई नियन्त्रित र सीमित गर्ने,

(घ) अनुमति प्राप्त व्यक्ति बाहेक अरुलाई मतपेटिका भएको स्थानतिर जान नदिने ।

२२. मतगणना स्थलको सुरक्षा : सुरक्षाकर्मीले मतगणना स्थलको सुरक्षा सम्बन्धमा देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) मतगणना गर्ने स्थलमा प्रवेश गर्ने व्यक्तिहरुको सुरक्षा जाँच गरेर मात्र प्रवेश गर्न दिने,

(ख) मतगणनास्थल वरपरको गतिविधिको नियमित रुपमा निगरानी राख्ने,

(ग) मतगणनाको अवस्थामा कुनै अप्रिय घटना घट्न नदिन मोबाइल, स्ट्राइकिङ्ग र जगेडा टोली परिचालन गर्ने,

(घ) मतगणना गर्दा उम्मेदवार वा निजको प्रतिनिधिलाई मतपत्र छुन नदिने,

(ङ) मतगणना स्थलमा मानिसको भीड हुन नदिन र मतपत्र खोसी नष्ट गर्न नदिन विशेष निगरानीको व्यवस्था मिलाउने,

(च) मतगणना गर्ने स्थानमा मतगणना गर्न निर्वाचन अधिकृतबाट अनुमति पाएका कर्मचारी, सुरक्षाकर्मी, उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि र पर्यवेक्षक बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न नदिने,

(छ) निर्वाचन अधिकृतबाट अनुमति पाएका सुरक्षाकर्मी बाहेक हातहतियार लिएका अन्य व्यक्तिलाई मतगणना स्थल र वरिपरी आउन नदिने,

(ज) मतगणना कार्य प्रारम्भ भएपछि सो निर्वाचन क्षेत्रको सबै मतदान केन्द्रहरुका मतपत्रको गणना नसकिएसम्म लगातार शान्तिपूर्वक मतगणना गर्न सक्ने वातावरण श्रृजना गर्ने ।

२३. मतगणना स्थलको अनधिकृत कब्जा भएमा गरिने सुरक्षा कारबाही : मतगणना स्थलको अनधिकृत कब्जा भएमा सुरक्षाकर्मीले देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) गणना भएका मतपत्र तथा गणना हुन बाँकी मतपत्र सहितको मतपेटिका लगायतका निर्वाचन सामग्रीको विशेष सुरक्षा गर्ने,

(ख) मतगणना स्थलको अनधिकृत कब्जा भएको जानकारी सम्बद्ध निकायलाई यथाशीघ्र दिई थप मद्दत माग गर्ने,

(ग) मतगणना स्थल अनधिकृत कब्जा गर्ने वा त्यस्तो कार्यमा सहयोग पुर्‍याउने वा आदेश दिने व्यक्तिलाई कब्जामा लिने,

(घ) सुरक्षा कारबाही गर्नुपर्ने गम्भीर अवस्थामा निर्वाचन अधिकृतसँग समन्वय गरी कारबाही गर्ने ।

२४. अन्तिम परिणाम घोषणा हुनु अघिको सुरक्षा व्यवस्था : मतगणनाको अन्तिम परिणाम घोषणा हुनु अघि सुरक्षाकर्मीले देहायको व्यवस्था मिलाउनु पर्नेछ :-

(क) निर्वाचन अधिकृतसँग समन्वय गरी मतगणनास्थलको भरपर्दो सुरक्षा व्यवस्था मिलाउने,

(ख) निर्वाचन अधिकृत तथा निर्वाचन कार्यालयको विशेष सुरक्षा व्यवस्था गर्ने,

(ग) विजयी तथा पराजित दल तथा तिनका उम्मेदवार र स्थानीयस्तरका नेताहरुसँग सम्पर्क, समन्वय एवं समझदारी गर्ने,

(घ) परिणामको घोषणा पश्चात निकालिने विजय जुलुस र आमसभाको सुरक्षा व्यवस्था मिलाउने,

(ङ) विजयी तथा पराजित उम्मेदवारको सुरक्षाको उचित प्रबन्ध मिलाउने,

(च) विभिन्न राजनीतिक दलहरुबाट निस्कने जुलुसको मार्ग तोक्ने तथा समारोह स्थल नजुध्ने गरी व्यवस्था मिलाउने,

(छ) हुलाक, अस्पताल, विमानस्थल, दमकल, दूरसञ्चार, विद्युतगृह र अन्य यस्तै महत्वपूर्ण प्रतिष्ठानको सुरक्षा व्यवस्था मिलाउने,

(ज) उच्छृङ्खल व्यक्तिहरुबाट हुन सक्ने तोडफोड र तिनका क्रियाकलाप माथि विशेष निगरानी राख्ने,

(झ) विजयी तथा पराजित पक्षहरु बीच हुनसक्ने झडपलाई ध्यानमा राखी व्यापक गस्तीको व्यवस्था मिलाउने ।

परिच्छेद-६

## निर्वाचन सुरक्षाका आधार

२५. निर्वाचन सुरक्षाको अनुगमन तथा मूल्याङ्कन : निर्वाचनको समयमा दफा २६ मा उल्लिखित आधारमा निर्वाचन आयोगले सुरक्षा स्थितिको अनुगमन तथा मूल्याङ्कन गरी सोही आधारमा आवश्यक निर्णय लिनु पर्नेछ ।

२६. निर्वाचन सुरक्षाका आधार : निर्वाचनको सन्दर्भमा सुरक्षा अवस्थाको मूल्याङ्कन गर्दा देहायका आधारमा गरिनेछ :-

(क) मतदानपूर्वको सूरक्षा :

(१) सबै राजनीतिक दल वा उम्मेदवारले मतदाता समक्ष आफ्ना विचार र कार्यक्रम पुऱ्याउन पाए, नपाएको,

(२) नेपालको सबै स्थानमा सबैको आवतजावत सरल र सहज भए, नभएको,

(३) हिंसात्मक गतिविधि भए, नभएको,

(४) निर्वाचन आचार संहिता पालना गरे, नगरेको,

(५) उम्मेदवार वा तिनका प्रतिनिधिहरु सुरक्षित भए, नभएको,

(६) निर्वाचन प्रक्रियामा सरिक हुन कसैलाई बाधा अवरोध भए, नभएको,

(७) निर्वाचन सामग्री ओसार पसारमा बाधा अवरोध भए, नभएको,

(८) निर्वाचनको कार्यमा संलग्न कर्मचारी र प्रयोगमा ल्याइएका साधन वा सामग्री परिचालनमा अवरोध भए, नभएको,

(९) निर्वाचन पर्यवेक्षकलाई निर्वाचनका गतिविधिको पर्यवेक्षण गर्न अवरोध भए, नभएको,

(१०) कर्मचारीलाई निर्वाचन प्रकृयामा सरिक हुन कुनै किसिमको धाक, धम्की आए, नआएको,

(११) बन्द, हडताल र चक्का जाम जस्ता घटना भए, नभएको,

(१२) राजनीतिक दलहरु बीच समझदारी रहे, नरहेको ।

(ख) मतदानको दिनको सूरक्षा :

(१) मतदातालाई स्वतन्त्रतापूर्वक मतदान गर्नबाट वञ्चित गर्ने गरी बाधा अवरोध श्रृजना पुऱ्याए, नपुऱ्याएको,

(२) मतदान केन्द्र सञ्चालनमा बाधा अवरोध भए, नभएको,

(३) मतदान गरी फर्किने क्रममा मतदातालाई अवरोध पुऱ्याए, नपुऱ्याएको,

(४) मतदान केन्द्र वरपर हुलदङ्गा, हतियार प्रदर्शन गर्ने जस्ता क्रियाकलाप भए, नभएको,

(५) मतदान केन्द्र कब्जा गर्ने प्रयास भए, नभएको ।

(ग) मतदान पश्चातको सूरक्षा :

(१) मतदान भएको मतपत्र तथा अन्य सामग्री मतगणना स्थलमा लैजान बाधा विरोध भए, नभएको,

(२) मतदानमा संलग्न कर्मचारीहरु सुरक्षित रहे, नरहेको ।

(घ) मतगणना र सो पश्चातको सूरक्षा :

(१) उम्मेदवार र तिनका प्रतिनिधिहरु सुरक्षित भए, नभएको,

(२) मतगणना कार्यमा बाधा अवरोध भए, नभएको,

(३) मतगणना पछि शान्तिपूर्ण ढङ्गबाट सभा, जुलुस आदि गर्न पाए, नपाएको ।

## परिच्छेद-७
## विविध

२७. अनुगमन गर्ने निकाय तथा पदाधिकारी : निर्वाचनको सुरक्षा व्यवस्थाको अनुगमन देहायका निकाय, अधिकारी वा व्यक्तिबाट हुनेछ :-

(क) केन्द्रीयस्तर :

(१) निर्वाचन आयोग,

(२) अनुगमन टोली,

(३) संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी),

(४) राष्ट्रिय मानव अधिकार आयोग ।

(ख) जिल्लास्तर :

(१) निर्वाचन अधिकृत,

(२) अनुगमन अधिकृत,

(३) अनुगमन टोली,

(४) निर्वाचन आचार संहिता अनुगमन अधिकृत,

(५) मतदान अधिकृत तथा सहायक मतदान अधिकृत,

(६) निर्वाचन कार्यमा खटिएका कर्मचारी,

(७) निर्वाचनको दिन खटिएका घुम्ती टोली,

(८) जिल्लास्तरीय संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) ।

२८. व्याख्या गर्ने अधिकार : यो निर्देशिकाको व्याख्या गर्ने अधिकार आयोगमा रहनेछ ।